# परिच्छेद - तीन (Chapter - III)
# योजना निर्माण प्रक्रिया (Planning Process)

## ३.१ योजना निर्माणको सन्दर्भ र प्रक्रिया (The Context and Planning Process) :

श्री ५ को सरकारले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा दिने प्रतिवद्धता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरु मार्फत व्यक्त गरेको छ । यसै सन्दर्भमा सन् २००१ देखि २०१५ सम्मका लागि सबैका लागि शिक्षा कार्ययोजना तर्जुमा गरी सो को कार्यान्वयन समेत भै रहेको छ । श्री ५ को सरकारको उक्त प्रतिवद्धता र १५ बर्षे सबैका लागि शिक्षा कार्ययोजना अनुरुप सन् २००४ देखि सन् २००९ सम्मका लागि ५ बर्षे सबैका लागि शिक्षा कार्यक्रमको समेत प्रारम्भ भैरहेको छ । विद्यालय उमेरका सबै बालबालिकाहरुलाई अध्ययन अवसर प्रदान गर्न मातृभाषामा शिक्षा दिन सक्ने प्रत्याभूति नेपाल अधिराज्यको संविधान २०४७ ले गरेको छ । स्थानीय निकायलाई शिक्षामा सहभागी बनाउन स्थानीय स्वायत्त शासन ऐन नियमावलीका साथै दशौं पञ्चबर्षिय योजनामा विकेन्द्रित शैक्षिक व्यवस्थापनमा जोड दिएको पाइन्छ । शिक्षा क्षेत्रमा वृहत्तर प्रगति गर्न र सरोकारवाला मार्फत योजना निर्माण गर्ने अभ्यासको थालनी गर्न विकेन्द्रिकरण योजनामा जोड दिइएको छ । यस पृष्ठभूमीका जिल्ला शिक्षा योजना निर्माण कार्य पनि Bottom up Planning Process र शैक्षिक योजना निर्माण र व्यवस्थापनको विकेन्द्रिकृत रुप हो ।

यस जिल्लाको जिल्ला शिक्षा योजना निर्माण गर्ने क्रममा जिल्ला अन्तर्गत रहेका १७ वटा स्रोतकेन्द्रहरुसँग छलफल एवं परामर्श गरी स्रोतकेन्द्र क्षेत्र भित्र शैक्षिक पहुँच एवं गुणस्तर अभिवृद्धिका लागि समावेश गरिनु पर्ने कार्यक्रमहरु तथा कार्यान्वयन रणनीतिहरु संकलन गरियो । यसै क्रममा स्रोतकेन्द्रको तथ्यांकहरुलाई विस्तृत अध्ययन एवं विश्लेषण गरी योजनाका लक्ष्यहरु निर्धारण गरिएका छन् । यसै क्रममा जिल्ला शिक्षा कार्यालयको शैक्षिक तथ्यांक २०६१ र जनगणना २०४८ र २०५८ को प्रतिवेदनबाट प्राप्त जिल्लाको उमेरगत एवं कुल जनसंख्या (महिला, पुरुष) लाई प्रमुखलाई आधार मानी योजनाका पछिल्ला वर्णहरुको लक्ष्य निर्धारण गर्दा उक्त स्रोतका तथ्यांकहरुलाई नै प्रक्षेपण गरिएको छ । योजना निर्माणको क्रममा सरोकारवालाहरुको व्यापक सहभागिता गराउने उद्देश्यले जिल्लास्तरमा विभिन्न गोष्ठी अन्तरक्रिया एवं छलफल कार्यक्रमहरु सम्पन्न गरी प्राप्त राय सुझावहरुलाई प्राथमिकता दिइएका छ । जिल्ला स्थित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघसंस्थाहरुसँग समेत छलफल एवं अन्तरक्रिया गरी साझा उद्देश्य एवं कार्यक्रमहरुमा Public Private Partnership का आधारमा कार्यक्रमहरु सञ्चालन गर्ने गरी योजनाको रणनीति तय गरिएको छ । विभिन्न शैक्षिक चुनौती एवं मुद्दाहरुको सम्बन्धमा जिल्ला शिक्षा योजना तर्जुमा समितिको बैठकमा छलफल भै निचोड निकाल्ने प्रयास गरिएको छ । यसै सन्दर्भमा जिल्ला शिक्षा समिति तथा योजना निर्माण सल्लाहकार समितिका बैठकहरु सम्पन्न भै योजनाका सम्बन्धमा व्यापक छलफल एवं अन्तरक्रियाबाट जिल्लाको आधारभूत तथा प्राथमिक शिक्षाको विकासका लागि प्राप्त अमूल्य राय सुझाव एवं परामर्शलाई योजना निर्माण समितिले उच्चतम महत्व दिई योजनालाई वास्ताविक एवं परिणाममुखि बनाउन प्रयास गरिएको छ ।

## ३.२ जिल्ला शिक्षा योजना निर्माण तथा सल्लाहकार समितिको गठन (Constitution of District Planning and Advisory Teams) :

जिल्ला शिक्षा समिति नुवाकोटको मिति २०६१/०८/२७ को निर्णयानुसार १७ सदस्यीय रहेको योजना निर्माण समिति (Planning Team) र ३० सदस्यीय जिल्ला शिक्षा योजना सल्लाहकार समिति (Advisory Team) गठन गरिएको छ । यसरी निर्माण गरिएको योजना तथा सल्लाहकार समितिमा शिक्षा विभागले तोकेको ढाँचामा सरकारी, गैरसरकारी निकाय तथा शिक्षविद्, बुद्धिजीवी, पार्टी प्रतिनिधि, नागरिक समाजको समेत प्रतिनिधित्व गराइएको छ । योजना निर्माण कार्य एउटा जटिल प्राविधिक कार्य भएकाले Planning Team मा शिक्षा क्षेत्रको अनुभव र योजना निर्माण एवम् कार्यान्वयन पक्षमा दक्षता भएका जिल्ला शिक्षा कार्यालयका अधिकृत तथा कर्मचारीहरु, जिल्ला विकास समितिका योजना अधिकृत, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, माध्यमिक विद्यालयका अनुभवी प्र.अ. आदिलाई समावेश गरिएको छ ।

**Table 3.1 List of members of the District Planning Team (DPT),Nuwakot district**

| S.No. | Name | Address | Designation |
|---|---|---|---|
| १ | श्री रामकृष्ण सुवेदी | जिल्ला शिक्षा अधिकारी<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | संयोजक |
| २ | श्री सुरेन्द्रराज काफ्ले | शाखा अधिकृत<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ३ | श्री कृष्णप्रसाद तिमिल्सिना | शाखा अधिकृत<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ४ | श्री हरिराम पन्त | विद्यालय निरीक्षक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ५ | श्री रेविका अमात्य | विद्यालय निरीक्षक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ६ | श्री रामेश्वर कुँवर | विद्यालय निरीक्षक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ७ | श्री ध्रुबबहादुर थापा | विद्यालय निरीक्षक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ८ | श्री होमनाथ पोखरेल | विद्यालय निरीक्षक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ९ | श्री हरिप्रसाद ज्ञवाली | विद्यालय निरीक्षक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| १० | श्री नारायणमान डंगोल | स्रोतव्यक्ति<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ११ | श्री कृष्ण पुडासैनी | योजना अधिकृत<br>जिल्ला विकास समितिको कार्यालय, नुवाकोट | सदस्य |
| १२ | श्री श्यामसुन्दर श्रेष्ठ | प्रधानाध्यापक<br>श्री भैरवी माध्यमिक विद्यालय, नुवाकोट | सदस्य |
| १३ | श्री उपेन्द्र ओझा | विद्यालय व्यवस्थापन समिति अध्यक्ष<br>श्री च्वाडी प.मा.वि., माझिटार | सदस्य |
| १४ | श्री रुद्रप्रसाद न्यौपाने | प्राविधिक सहायक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| १५ | श्री दिपक भट्ट | प्राविधिक सहायक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| १६ | श्री महेन्द्र पौडेयाल | प्राविधिक सहायक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| १७ | श्री अभिकेशर सिक्तेल | प्राविधिक सहायक<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| १८ | श्री खड्गबहादुर बोगटी | लेखापाल<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| १९ | श्री राजाराम श्रेष्ठ | क.अ., जि.शि.का., नुवाकोट | सदस्य |

Table 3.2

**List of members of the Advisory Team, Nuwakot district**

| S.No. | Name | Address | Designation |
|---|---|---|---|
| १ | श्री नरहरि बराल | स्थानीय विकास अधिकारी/जिल्ला शिक्षा समिति नुवाकोट | अध्यक्ष |
| २ | श्री जनार्दन शर्मा अधिकारी | प्रमुख जिल्ला अधिकारी<br>जिल्ला प्रशासन कार्यालय, नुवाकोट | सदस्य |
| ३ | श्री नरहरि बराल | स्थानीय विकास अधिकारी<br>जिल्ला विकास समितिको कार्यालय, नुवाकोट | सदस्य |
| ४ | श्री रामकृष्ण सुवेदी | जिल्ला शिक्षा अधिकारी<br>जिल्ला शिक्षा कार्यालय, नुवाकोट | सदस्य |
| ५ | श्री प्रेमलाल श्रेष्ठ | प्रधानाध्यापक<br>त्रिभुवन त्रिशुली उ.मा.वि., त्रिशुली | सदस्य |
| ६ | श्री शम्भुप्रसाद शर्मा | प्रधानाध्यापक<br>रणभुवनेश्वरी उ.मा.वि., देवीघाट | सदस्य |
| ७ | नेपाली कांग्रेस | पार्टी प्रतिनिधि, नेपाली कांग्रेस | सदस्य |
| ८ | ने.क.पा. एमाले | पार्टी प्रतिनिधि, नेकपा एमाले | सदस्य |
| ९ | नेकपा माले | पार्टी प्रतिनिधि, नेकपा माले | सदस्य |
| १० | राष्ट्रिय प्रजातन्त्र पार्टी | पार्टी प्रतिनिधि, राष्ट्रिय प्रजातन्त्र पार्टी | सदस्य |
| ११ | समता पार्टी | पार्टी प्रतिनिधि, समता पार्टी | सदस्य |
| १२ | नेपाली कांग्रेस प्रजातान्त्रिक | पार्टी प्रतिनिधि, नेपाली कांग्रेस प्रजातान्त्रिक | सदस्य |
| १३ | नेपाल शिक्षक संघ | प्रतिनिधि नेपाल शिक्षक संघ | सदस्य |
| १४ | नेपाल राष्ट्रिय शिक्षक संगठन | प्रतिनिधि नेपाल राष्ट्रिय शिक्षक संगठन | सदस्य |
| १५ | नेपाल शिक्षक परिषद | प्रतिनिधि नेपाल शिक्षक परिषद | सदस्य |
| १६ | नेपाल रेडक्रस सोसाईटि | प्रतिनिधि नेपाल रेडक्रस सोसाईटि | सदस्य |
| १७ | जीत, नुवाकोट | प्रतिनिधि जीत, नुवाकोट | सदस्य |
| १८ | श्री राज्यलक्ष्मी श्रेष्ठ | संस्थापक, सूर्यज्योति एकेडेमी, कोलोनी | सदस्य |
| १९ | श्री सुरेन्द्र अधिकारी | प्रिन्सिपल, पञ्चकन्या स्टार बोर्डिङ्ग, कोलोनी | सदस्य |
| २० | श्री ठाकुर पुडासैनी | प्रिन्सिपल, सुभेनियर बोर्डिङ्ग, बट्टार | सदस्य |
| २१ | श्री भोला पाण्डे | शिक्षाविद्, बट्टार बहुमुखि क्याम्पस, बट्टार | सदस्य |
| २२ | श्री राष्ट्रिय दलित समाज | प्रतिनिधि, राष्ट्रिय दलित समाज | सदस्य |
| २३ | श्री जवाहरलाल हमाल | विद्यालय निरीक्षक, जि.शि.का., नुवाकोट | सदस्य |
| २४ | श्री रामप्रसाद जोशी | स्रोतव्यक्ति, जि.शि.का., नुवाकोट | सदस्य |
| २५ | श्री बद्रिप्रसाद शर्मा | स्रोतव्यक्ति, जि.शि.का., नुवाकोट | सदस्य |
| २६ | श्री विष्णुराज नेपाल | स्रोतव्यक्ति, जि.शि.का., नुवाकोट | सदस्य |
| २७ | श्री ध्रुबराज डोटेल | स्रोतव्यक्ति, जि.शि.का., नुवाकोट | सदस्य |

## 3.3 क्षमता अभिवृद्धि क्रियाकलाप (Capacity Building Activities) :

आ.ब. २०६१/०६२ को स्वीकृत कार्यक्रम अनुसार सबैको लागि शिक्षा कार्यक्रम अन्तर्गत जिल्ला शैक्षिक योजना निर्माण गर्न मिति २०६१/०८/२७ को जिल्ला शिक्षा समितिको बैठकले १७ सदस्यीय जिल्ला शिक्षा योजना तर्जुमा समिति र सल्लाहकार समिति गठन भएको छ । उक्त टिमका शाखा अधिकृत सुरेन्द्र काफ्ले र वि.नि. हरिप्रसाद ज्ञवाली २०६१ असोज २४ गतेदेखि २७ गतेसम्म चितवनमा र २०६१ माघ २१ गतेदेखि २६ गतेसम्म सानोठिमी भक्तपुर शिक्षा विभागमा सम्पन्न भएको तालिममा वि.नि. हरिप्रसाद ज्ञवाली भाग लिई फर्कि सकेपछि DPT का सदस्यहरु र सल्लाहकार समूह तथा जिल्ला बैठकमा स्रोतव्यक्ति र विद्यालय निरीक्षक सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षाविद् तथा नागरिक समाजका सरोकारवाला प्रतिनिधिहरुसँग वृहत अन्तरक्रिया सम्पन्न भयो । साथै जिल्लामा स्रोतव्यक्तिहरु विद्यालय निरीक्षकहरुको ६ दिने विद्यालय सुधार योजना सम्बन्धी जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न गरी महिला सदस्यहरुको सहभागितात्मक छलफलबाट तालिम सम्पन्न गरी सरोकारवाला सबैको सहभागितामा विद्यालय सुधार योजना तयार भएको विद्यालय प्रोफाईल गाउँ शिक्षा समिति गा.वि.स. प्रोफाइल, स्रोतकेन्द्र प्रोफाइल र विगत बर्षहरुमा निर्माण भएका DEP को अनुभव समेतलाई संलग्न गरी DEP निर्माण भएको छ ।

## 3.4 सरोकारवालाहरुसँगको परामर्श (Consultation with Stakeholder)

DEP निर्माणका सम्बन्धमा जिल्लामा अवस्थित विभिन्न संघ संस्थाहरुसँग राय सुझावहरु एवम् तथ्यांकहरु संकलन गर्ने कार्य गरिएको छ । प्रत्येक VDC बाट उमेरगत जातिगत जनसंख्याको विवरण संकलन गरिएको छ । स्रोतकेन्द्रगत रुपमा शैक्षिक तथ्यांकहरु संकलन गरी तथ्यांक विश्लेषण गरिएको छ । जिल्लाको भर्नादर, कक्षा दोहोऱ्याउने दर बीचैमा कक्षा छोड्ने दर विभिन्न विषयहरुको विषयगत सिकाइ उपलब्धी, कक्षागत सिकाइ उपलब्धि तथा भौतिक आर्थिक पक्ष सम्बन्धित तथ्यांकहरु स्रोतव्यक्ति तथा विद्यालय निरीक्षक मार्फत गा.वि.स.गत रुपमा स्रोतकेन्द्र बाट संलग्न गरिएको छ ।

उल्लेखित तथ्यांकहरु संकलन गर्ने सन्दर्भमा जिल्ला शिक्षा कार्यालयको DEO बैठकमा छलफल, अन्तर्क्रिया गरिनुको साथै कार्यालयमा उपलब्ध अभिलेखहरु अध्यापन गर्ने कार्यहरु गरिएको छ । DEP निर्माण गर्ने क्रममा विभिन्न तथ्यांक विवरण संकलन गर्दा प्रत्येक स्रोतकेन्द्रमा प्र.अ. बैठक राखि तथ्यांक विवरण सम्बन्धी छलफल गरी संकलन गरिएको थियो । साथै अनौपचारिक रुपमा प्र.अ. तथा शिक्षक, वि.व्य.स. पदाधिकारी, अभिभावक छलफल तथा अन्तरक्रिया गरिएको छ ।

DEP निर्माणको विगतको अनुभवलाई समेत समेट्दै यस बर्षको DEP निर्माण गरिएको छ । DEP निर्माण गर्ने सन्दर्भमा विगतमा गरिएको छ । DEP निर्माण गर्ने सन्दर्भमा विगतमा स्रोतकेन्द्रगत रुपमा कार्यशाला गोष्ठी संचालन गरिएको, स्रोतकेन्द्रगत रुपमा संचालन गरिएको गोष्ठीबाट जनप्रतिनिधिहरु, शिक्षाविद्हरु, अनुभवी शिक्षक, वि.व्य.स. पदाधिकारीहरु, अभिभावकहरुबाट DEP निर्माणका लागि राय सुझावहरु संकलन गरिएको थियो ।

जिल्ला शिक्षा योजना निर्माण गर्न जिल्ला शिक्षा योजना कार्यदल निर्माण गरी उक्त कार्यदलमा जि.शि.अ., शाखा अधिकृत, वि.व्य.स., शिक्षक, स्रोतव्यक्ति, वि.नि., जि.वि.स. अधिकृत, प्र.अ. प्राविधिक सहायक, लेखापालहरुलाई सहभागी गराइएको छ ।

## 3.5 तथ्याङ्क र सूचना संकलन (Collection of Data and Information)

DEP निर्माणका लागि आवश्यक सूचना तथा तथ्यांकहरु Primary Data र Secondary Data रुपमा संकलन गरिएको छ । Primary Data स्रोतकेन्द्रगत रुपमा लिइएको छ भने Secondary Data तथ्यांक कार्यालय, जि.वि.स.बाट लिइएको छ ।

जनसंख्या विवरण, जातिगत विवरण, साक्षरता विवरण आदि Census Report of Nepal बाट लिइएको छ । District Education Profile, EMIS, School Improvement Plan DEP, FRA Core Document, Tenth Plan तथा विभिन्न प्रतिवेदन, अभिलेखबाट संकलन गरिएको छ ।

## 3.6 योजना तर्जुमाको क्रममा आइपरेका समस्याहरु (Problems Encountered During Plan Formulation)

- जिल्ला शैक्षिक योजना निर्माण गर्दा DEP सम्बन्धित तालिम अपर्याप्त रहेको । मात्र ६ दिनको तालिमले DEP को गहिराईमा पुग्न समयको अभाव ।
- औपचारिक रुपमा स्रोतकेन्द्र विद्यालय र सम्बन्धित सरोकारवालाहरुसँग तालिम संचालन गर्न नसकिएको ।
- DEP निर्माण गर्न समयको अभाव भएको ।
- केही तथ्यांकहरु २०५८ को आधारमा समावेश गरिएकोले ३ बर्ष पछाडि वास्तविक (हाल २०६१) Data पहिल्याउन कठिन भएको ।

## 3.7 योजना तर्जुमा प्रक्रियमा विद्यालय सुधार योजनाको प्रयोग (Use of SIP in plan formulation)

यो DEP निर्माण जिल्लास्थित विद्यालय सुधार योजनाहरु निश्चित गरिएको गाउँ शिक्षा योजना तथा स्रोतकेन्द्रगत योजनाहरु तथा विद्यालयका भौतिक सुविधा तथा कठिनाईहरुको संकलन तथा विश्लेषण सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया गरी विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्ने अन्य सृजनात्मक गतिविधिहरुलाई समेत संलग्न गरी DEP निर्माण गरिएको छ ।

## 3.8 सरोकारवालाहरुको परामर्शबाट प्राप्त मुख्य तथ्यहरु (Major Finding of Consultations with Stakeholder)

जिल्ला शैक्षिक योजना समूहले जिल्ला शैक्षिक सल्लाहकार समिति, क्षेत्र, स्रोतकेन्द्र, गाउँ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अन्य सरोकारवालाहरुसँग छलफल तथा परामर्श गरी देहाय बमोजिम निश्कर्ष निकालिएको छ ।

- **बाल विकास केन्द्र** (ECD/PPE)

  जिल्लाका ८८ बाल विकास केन्द्र मध्ये प्राय: (ECD) आफ्नै भवन तथा भौतिक सुविधाहरु नभएको तालिम प्राप्त स.का.केही मात्र रहेको जोड कोष संलग्नको व्यवस्था भएको छ भने हाल समुदाय स्तरबाट ECD को प्रयाप्त मात्रामा माग भएको छ । हाल सञ्चालनमा रहेका बाल विकास केन्द्रहरु विद्यालय र समुदाय दुबै अवस्थामा आधारित भै सञ्चालन हुँदै आएका छन् ।

➢ **शिक्षकहरु (Teachers) :**

जिल्लाका विद्यालयहरुमा विषयगत शिक्षकहरुको अभाव, विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी नपुग, दक्ष तथा तालिम प्राप्त शिक्षकहरुको अभाव तथा महिला शिक्षकहरुको अभाव र अधिकांश निजी स्रोतका शिक्षकहरु सरकारी तलब स्केल भन्दा कम पारिश्रमिक दिइने गरेको पाइयो ।

➢ **विद्यालयको भौतिक सुविधाको अवस्था (Physical Condition of Schools) :**

जिल्लाका अधिकांश विद्यालयहरुमा भवनको कमी, कक्षाकोठाको अभाव, खानेपानी तथा शौचालयको अभाव, फर्निचरको अप्रयाप्तता तथा विद्यालयको घेराबार पर्खाल अभाव रहेका छन् ।

➢ **विद्यालयको सुविधा (Schooling Facility)**

जिल्ला भित्ररहेका सबै गा.वि.स.हरुमा छिटपुट बाहेक जनसंख्या तथा भौगोलिक अवस्था अनुसार विभिन्न तहका प्रा.वि., नि.मा.वि., मा.वि.हरु स्थापना भई संचालन भएका छन् भने त्रिशुली, बट्टार, तुप्चे, देवीघाट, बागेश्वरी चोकदे, रानीपौवामा उच्च मा.वि. संचालन भएका छन् जिल्लाका केही गाउँहरुमा भने नयाँ विद्यालयहरु खोल्न माग भएका छन् र केही ठाउँमा नयाँ विद्यालय खोल्न पर्ने देखिन्छ ।

➢ **दलित र जनजातिहरुको साक्षरता स्थिति (Literacy Status of Dalits & Tribals)**

नुवाकोट जिल्ला विशेष गरी तामाङ तथा अन्य जनजातिको बाहुल्य रहेकोमा दलितहरुको पनि उपस्थिति बाक्लै छ । विशेष गरेर नुवाकोटको ५१.२% भएकोमा दलित र जनजातिहरुको शैक्षिक अवस्था ब्राम्हण क्षेत्रीको तुलनामा कम सहभागिता छ । भने जनजाति र दलितको साक्षरता प्रतिशत पनि नगन्य नै छ ।

➢ **दलित, जनजाति र महिलाहरुको साक्षरता दर कम हुनाका कारणहरु (Reasons of Low Literacy Rate of Dalits, Tribals & Women)**

राजधानी नजिक रहेर पनि नुवाकोट जिल्लाको आर्थिक अवस्था कमजोर छ । त्यसमा पनि दलित, जनजाति र महिलाको अवस्था अझै दयनीय रहेको छ । महिलाहरुलाई घरायसी कामको बोझ, छोराछोरीबीचको भिन्नता, कम उमेरमा विवाह गरिदिने प्रचलन, चेतनाको कमी, पर्याप्त मात्रामा शिक्षाको पहुँचमा कमी र विकासका गतिविधिहरु संचालन र कार्यान्वयन गर्न नसक्नु नै प्रमुख कारक तत्व हो ।

➢ **बालिका शिक्षा (Girls Education)**

अभिभावकहरुको चेतनाको कमी कमजोर आर्थिक अवस्था (गरिवी) रुढीबाढी तथा कुरीति केटीहरुलाई घरकाममा लगाउनु जस्ता कारणहरुले Girl Education पछाडि परेको छ । हाल शिक्षाका लागि खाद्यन्न, छात्रा उत्प्रेरणा कार्यक्रम (तेल) ५०% छात्रावृत्ति यसको बढ्दै छ ।

➢ **दलित, जनजाति र बालिकाहरु भर्ना कम हुनाका कारणहरु (Reasons of Low Enrollment of Dalits, Tribal & Girl)**

गरिवी (आर्थिक अवस्था) कमजोर सामाजिक तथा साँस्कृतिक बन्देज अशिक्षित अभिभावक स्कुलमा सहज वातावरण नभएको शिक्षक ब्राम्हण क्षेत्री तथा दलित जनजातिलाई विभेदीकरण आदिको कारणले दलित र जनजातिको भर्नादर कम भएको हो । हाल दलित तथा विशेष लक्षित छात्रवृत्ति स–साना समूहमा आय आर्जन कार्यक्रमले यो अवस्था सुध्रने क्रममा छ ।

- **गाउँ स्तरीय समस्या र मुद्दाहरु (VDC Level ISSUSE & Problem)**

  विद्यालयहरुमा विद्यार्थीको अनुपातमा न्यून शिक्षक दरबन्दी, महिला शिक्षिकाहरुको कमी शिक्षण सिकाइ सामाग्रीको अभाव समयमा नै पाठ्यपुस्तक उपलव्ध नहुनु, विद्यालय व्यवस्थापन समितिको प्रभावकारी भूमिका नहुनु अनुगमन र निरीक्षण प्रभावकारी नहुनु तथा (समुदाय) अभिभावकहरुको विद्यालयको गतिविधिमा संलग्नता कम हुनु ।

- **सम्भाव्य बैकल्पिक समाधानहरु (Possible Alternative Solutions)**

  विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी थप गर्नुपर्ने विद्यालयमा आवश्यक भौतिक सुविधाहरुको वृद्धि गर्न गा.वि.स. तथा सम्बन्धित स्थानीय संघसंस्थासँग साझेदारी गर्ने शिक्षक तालिमहरु नियमित तथा व्यवस्थित गर्ने समयमा नै पाठ्यपुस्तक उपलव्ध गराउने संस्थागत क्षमताको अभिवृद्धि गर्ने निरीक्षण तथा अनुगमनलाई नियमित र व्यवस्थित गर्ने ।

- **गुणस्तरीय शिक्षाको सुधार सम्भाव्य उपचारात्मक कार्यक्रमहरु (Possible interventions to improve Quality of Education)**

  भर्नादरमा वृद्धि गर्नुपर्ने, समुदाय र विद्यालयबीचको घनिष्ट सम्बन्ध हुनुपर्ने उपलव्ध स्रोत र सामाग्रीको अधिकतम उपयोगिता गर्नुपर्ने, कक्षाकोठा व्यवस्थापनमा प्रभावकारिता शिक्षकहरुमा उत्तरदायित्व तथा जवाफदेहितामा प्रतिवद्ध हुनुपर्ने समुदायमा विद्यालयलाई शैक्षिक गुणस्तर वृद्धि गर्न सरोकारवाला तथा नागरिक समाजको भुमिकालाई बढाउनु पर्छ शिक्षण सिकाइ विधिमा सामाग्रीहरुलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

- **प्रभावकारी विद्यालय विकासका लागि सम्भाव्य अन्य उपायहरु (Other Possible Intervention for Effective Schooling)**

  जनसहभागिता वृद्धि, विद्यालय व्यवस्थापन समितिमा शिक्षित व्यक्तित्वहरुलाई संलग्न गराउनु पर्ने, साक्षरता कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । स्थानीय स्रोत र सामाग्रीहरुलाई अधिकतम प्रयोग गर्नुपर्छ । समुदायका विभिन्न तहमा जनचेतना वृद्धि हुने खालका कार्यक्रम संचालन गर्नुपर्छ । समुदायहरुमा उल्लेख्य मात्रामा बालविकास केन्द्रहरु खोलिन पुग्दछ । व्यवसायिक शिक्षामा जोड दिनु पर्दछ । बारम्बार सरोकारवालाहरुसँग परामर्श तथा अन्तर्क्रिया हुनु पर्दछ । महिला (दक्ष) तथा तालिम प्राप्त शिक्षकहरुको व्यवस्था गर्नुपर्छ हरेक तहमा निरीक्षण तथा अनुगमन संयन्त्र निरन्तर र प्रभावकारी हुनु पर्दछ ।

- **गाउँ विकास योजनामा शिक्षा (Education in VDC Plan)**

  गाउँ विकास समितिको योजनामा आधारभूत शिक्षालाई कम प्राथमिकता दिएको करीव १५ प्रतिशत बजेट मात्र विद्यालयका शिक्षकहरुलाई तलबको रुपमा प्रयोग भएको, विद्यालय शिक्षा प्रोत्साहन तथा खानेपानी, शौचालय तथा फर्निचर अन्य भौतिक सुविधाहरु योजनामा संलग्न हुनुपर्ने देखिन्छ । यस बर्षदेखि जिल्लाको १५ वटा गा.वि.स.हरुमा गाउँ शिक्षा समिति गठन गरी माथि उल्लेखित कार्यक्रमहरुलाई समेट्ने प्रयास गरिएको छ ।